९२६- ५३८

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४३०/२०७२/०७३

निर्णय नं. ५३८

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, कुश्मा..............................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, कुश्मा..............................१

**विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, कुश्मा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, कुश्मालाई मिति २०७२।०६।२८ च.नं. ३४९ को पत्रद्धारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, कुश्माको मिति २०७२।०८।२४, च.नं. ४५८, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस पूर्व नै पुनरावेदकलाई पठाई सकिएको भनी पुनः मांग अनुसारको सूचना यस आयोगलाई प्रेषित गरी बोधार्थ मार्फत पुरनरावेदकलाई पनि जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बास्कोटा |
|---|---|---|
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।